बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इम्दिशिर, बागलुङ

मिति २०८२ साल कार्तिक ३० गते आइतबारको दिन, बरेङ गाउँपालिकाको सभाहलमा, बरेङ गाउँपालिका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको चालु आ.व. २०८२।०८३ को पाँचौं र समग्रमा १०५ औं बैठकमा तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्तारक्षर |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद शर्मा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री दिलिप कुमार पुन | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री तुफान पुन | गाउँपालिका प्रवक्ता | |
| ४ | श्री नरसेङ पुन | गउँकार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ५ | श्री हिरा बहादुर घर्ती | गउँकार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ६ | श्री शेर बहादुर खनाल क्षेत्री | गउँकार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ७ | श्री किसन बहादुर खत्री | गउँकार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ८ | श्री अमर बहादुर सेरबुजा | गउँकार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ९ | श्री चन्द्रकला के.सी. थापा | गाउँ कार्यपालिका सदस्य | |
| १० | श्री जमुना बिटालु | गाउँ कार्यपालिका सदस्य | |
| ११ | श्री काशिराम बि.क. | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी बस्याल | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री चन्द्रकला खत्री | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री पवित्रा पुन | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री खड्ग वि.क | गाउँ कार्यपालिका सचिव | |

अन्य उपस्थिति

केशवराज क्षेत्री – सूचना अधिकारी

सुमन गौतम - फिल्ड सहायक

आ.व २०८२।०८३ को पाँचौं एवं समग्रमा १०५ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।०७।३० का निर्णयहरु

निर्णय नं १,

गत गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो ।

निर्णय नं २,

बाल अधिकार संरक्षण तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत गर्ने।

निर्णय नं ३,

खेलकुद विकास समितिले विद्यालयका प्रधानध्यापक लगायत अन्य सरोकारवालासँग छलफल गरी अध्यक्षकप कार्यक्रम सञ्चालनको लागि तयारी गर्ने। विद्यालय वा अन्य संघसंस्थासँग प्रस्ताव आह्वान गरी २०८२ मंसिर २५ गतेभित्र बरेङ बजारमा कार्यक्रम सञ्चालन गर्ने।

निर्णय नं ४,

बरेङ गाउँपालिका वडा नं. ४ र ५ अन्तर्गत थपलपुङ-सल्यान-गैरढुङ्गा-भित्रिवन सडकस्तरोन्नति कार्यका लागि संघीय सशर्त अनुदानतर्फ २५००००० अक्षरुपी पच्चिस लाख मात्र बजेट बिनियोजन भई हाल प्रथम किस्ता रकम निकासा समेत भएकोमा २०८२ भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलन पछि सिर्जित अवस्थाका कारण संघीय सरकारले थप किस्ता रकम निकासा नगरेको खण्डमा गाउँपालिकाबाट आर्थिक व्ययभार गर्ने गरी सडकस्तरोन्नतिका लागि ठेक्का प्रक्रिया अगाडि बढाउने।